सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही

**औषधी तथा औषधीजन्य सामान खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**सूचना नं. SQ/०५/०८१-८२**

प्रथम पटक प्रकाशित मिति २०८१।०८।१४ गते

यस सैनामैना नगरपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरुलाई नि:शुल्क स्वास्थ्य सेवा कार्यक्रम अर्न्तगत नि:शुल्क औषधी वितरणको लागि आवश्यक पर्ने औषधीहरु आ.ब २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले इजाजत पत्र प्राप्त इच्छुक सप्लायर्स, फर्म वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ।

**शर्तहरु**

१. विद्युतीय दरभाउपत्र प्रथम पटक सूचना प्रकासित भएको मितिले स्वीकृत म्याद भित्र रु.१०००।- (अक्षरुपी एक हजार) मात्र पछि फिर्ता नहुने गरि यस कार्यालयमा बुझाएको नगदी रसिद वा बैंक भौचर संलग्न राखि विद्युतीय दरभाउपत्र पेश गर्न सकिने छ।

२. विद्युतीय दरभाउपत्र साथ निवेदकले आ.ब २०८१/०८२ को लागि नविकरण गरेको कम्पनी दर्ता प्रमाणपत्र र फर्म दर्ता प्रमाणपत्र, औषधी ब्यबसायी प्रमाणपत्र, आयकर दर्ता प्रमाण पत्र र आ.ब. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र वा म्याद थप गरेको प्रमाणपत्र लगायतका आवश्यक कागजातको प्रमाणीत प्रतिलिपीहरु संलग्न राखि दरभाउपत्र मिति २०८१।०९।०१ गते दिनको १२:०० बजे सम्म दर्ता गरी सक्नु पर्नेछ। पेश भएका दरभाउपत्र सोही दिन दिनको १:०० वजे खोलिने छ।

३. विद्युतीय दरभाउपत्र पेश तथा दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो को भोली पल्ट सोही समयमा हुनेछ।

४. विद्युतीय दरभाउपत्र दर्ता गर्दा जमानत बापत तपसिलको रकम यस कार्यालयको नाममा रहेको कृषि विकास बैंक, पर्रोहा शाखाको धरौटी खाता नं. ०४१४२०११४९२४४०१५ मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको बैंक ग्यारेन्टी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।

५. आफुले आपूर्ति (सप्लाई) गर्ने औषधीहरुको आधिकारीक पत्र (Authorization Letter ) स्वदेशी कम्पनीको हकमा उत्पादकबाट र विदेशी कम्पनीको हकमा National Suppliers बाट लिई पेश गर्नुपर्नेछ।

६. दरभाउपत्र फाराममा खरिद गरिने प्रत्येक औषधी (आईटमवाइज) को उत्पादक कम्पनीको नाम अनिवार्य रुपमा उल्लेख गरी पेश गर्नुपर्ने छ।

७. स्वीकृत दरभाउपत्र दाताले मूल्य अंकित औषधीमा बढी दररेट राख्न पाउने छैन। स्वीकृत दरभाउपत्र अनुसारको सामान एकमुष्ट खरिद गरिने छ। साथै सप्लाई गरिने औषधीको म्याद कार्यालयमा दाखिला गर्ने मितिमा कम्तीमा १८ महिनाको Expiry Date बाकी भएको हुनुपर्ने छ। औषधीको म्याद १८ महिना भन्दा कम हुने औषधीको हकमा Expiry Date को ७५ प्रतिशत म्याद बाकी हुदा दाखिला गर्न सकिने छ।

८. आपूर्ती हुने सम्पूर्ण औषधीहरु WHO / GMP / ISO Certified Company बाट उत्पादित भएको हुनुपर्ने छ। उक्त कम्पनीहरुको WHO/ GMP सर्टिफिकेट अनिवार्य रुपमा दरभाउपत्र साथ पेश गर्नुपर्ने छ।

९.आपूर्ती हुने औषधीको प्रत्येक प्याकीङ्गको बाहिर उत्पादन मिति, Expiry Date, ब्याच नं तथा Supply for Ministry of Health and Population, Nepal वा नेपाल सरकारबाट नि:शुल्क वितरणको लागि भन्ने स्पष्ट रुपमा उल्लेख भएको हुनुपर्ने छ।

१०. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारको अन्य प्रचलित कानून अनुसार हुनेछ।

११. विद्युतीय सिलबन्दी दरभाउपत्र सम्बन्धी विस्तृत जानकारीको लागि यसै कार्यालयमा सम्पर्क राख्न हुन जानकारी गराईन्छ।

| सि.नं | ठेक्का नं | कामको विवरण | लागत अनुमान (भ्याट सहित) | धरौटी रकम रु. | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | SQ/05/081-82 | Purchase and Supply of Medicines and Medicinal Related Products at Sainamaina | ४०,९९,९९४।१७ | १,१०,००० | १०००।०० |

प्रमुख प्रशासकीय अधिकृत